# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ८) सैनामैना नगरपालिका, २०८१/०३/.... साल (संख्या .....**

**भाग–१**

## सैनामैना नगरपालिका, रूपन्देही

## कार्यविधिको नामः सैनामैना नगरपालिका सामुदायिक विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकार एवं सैनामैना नगरपालिका, शिक्षा ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद – १
## संक्षिप्त नाम र परिभाषा

१. क) **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम सैनामैना नगरपालिका सामुदायिक विद्यालय लेखापरीक्षण कार्यविधि, २०८१ रहेको छ ।

ख) यो कार्यविधि सैनामैना नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,–

क) “कार्यविधी” भन्नाले सैनामैना नगरपालिका सामुदायिक विद्यालय लेखापरीक्षण सम्बन्धी कार्यविधी, २०८१ सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्दछ।

ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) “शिक्षा शाखा” भन्नाले सैनामैना नगरपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ) “शिक्षा शाखा प्रमुख” भन्नाले सैनामैना नगरपालिका शिक्षा शाखा प्रमुखलाई सम्झनुपर्छ। सो शब्दले शिक्षा शाखा प्रमुखको अनुपस्थितिमा शाखाको काम गर्न तोकिएको कर्मचारीलाई समेतलाई सम्झनु पर्दछ।

च) “लेखापरीक्षण” भन्नाले सामुदायिक विद्यालयहरुको अन्तिम लेखापरीक्षण कार्यलाई सम्झनु पर्दछ ।

छ) “लेखापरीक्षक” भन्नाले प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्न इजाजत प्राप्त गर्ने व्यक्ति/संस्था/कम्पनी वा फर्मलाई सम्झनु पर्दछ।

## परिच्छेद– २

## लेखापरीक्षक सम्बन्धी व्यवस्था

३. नगरपालिकाले विद्यालयको लेखापरीक्षणका लागि दर्तावाल लेखा परीक्षकहरुबाट आर्थिक वर्ष सुरुवात भएको मितिले तिन महिना भित्र १५ दिनको सूचना आह्वान गरी अनुसूचि १ बमोजिमको ढाँचामा आशयपत्र माग गर्नेछ ।

४. लेखापरीक्षकले आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु:

क. पेशागत प्रमाणपत्र

ख. लेखापरीक्षकको नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

ग. आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

## परिच्छेद– ३

## लेखापरीक्षक छनौट प्रक्रिया

५. लेखापरीक्षण छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ:

क) नगरपालिकाले आर्थिक बर्ष शुरु भएको मितिले तीन महिना भित्र लेखापरीक्षणको लागि नगरपालिकाको वेभ साइटमा आशयपत्र मागका लागि सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

ख) सूचना बमोजिम इच्छुक लेखापरीक्षकले आवश्यक कागजात सहित आशयपत्र/निवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

ग) प्रकरण (क) बमोजिम प्राप्त आवेदन उपर शिक्षा शाखाले छानविन गरी लेखापरिक्षकहरु तोक्ने सम्बन्धमा प्रस्ताव प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

घ) प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्ताव सदर/स्वीकृत भए पश्चात शिक्षा शाखाले देहायका आधारमा लेखा परीक्षक नियुक्ति गरी सम्बन्धित लेखापरिक्षक र विद्यालयलाई जानकारी गराउनेछ।

ङ) सामान्यतया एउटै लेखापरीक्षकलाई यस नगरपालिका भित्रका विद्यालयमा लगातार दुई पटक भन्दा बढी लेखापरीक्षकको रुपमा नियुक्ति गरिने छैन।

च) एउटा लेखापरीक्षकलाई सामान्यतया एक आ.ब. मा बढिमा तिन वटा सम्म मात्र विद्यालयको लेखापरीक्षण गर्न दिन सकिनेछ।

छ) सरकारी वहालवाला कर्मचारीलाई लेखापरीक्षकको रुपमा नियुक्ति गरिने छैन ।

६. नगरपालिकाले सामुदायिक विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी बेरुजु सम्परीक्षण गर्न गराउन सहजिकरण एवं निर्देशन दिन सक्नेछ ।

७. शिक्षा शाखा तथा आर्थिक प्रशासन शाखाबाट विद्यालयहरुको प्रत्येक वर्ष कम्तिमा एक पटक स्थलगत अध्ययन गरी लेखा एवं लेखा परिक्षण सम्बन्धमा अनुगमन निरिक्षण गर्न सकिनेछ। यसरी अनुगमन निरीक्षण गर्दा माग भएका कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

## परिच्छेद– ४
## लेखापरीक्षक पारिश्रमिक

८. लेखापरीक्षण गरे वापत सम्बन्धित विद्यालयवाट देहाय बमोजिमको पारिश्रमिक दिनु पर्नेछ ।

क) रु.२५,००,०००।– (पच्चिस लाख)सम्मको कारोवारमा रु. ५,०००।–

ख) त्यस पछिको प्रत्येक थप रु ५,०००००।– (पाँच लाख) को कारोवारमा रु. १,०००।– का दरले थप गर्ने ।

तर माथि प्रकरण क र ख मा जुनसुकै कुरा लेखिएको भएतापनि लेखापरीक्षण पारिश्रमिक भुक्तानी गर्दा अधिकतम रु.७५००० (पचहत्तर हजार) भन्दा बढी लिन वा दिन पाइने छैन ।

ग) उक्त पारिश्रमिक रकममा  नियमानुसार आयकरकट्टी हुनेछ ।

९. माथि उल्लेखित रकम भन्दा बढी रकम हुने गरी कुनैपनि लेखापरीक्षकले विद्यालयबाट लेखापरीक्षण पारीश्रमिक  दावी गर्न पाउने छैन । लेखा परीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त नगरपालिकामा जानकारी गराउनु पर्नेछ । त्यस्तो अवस्थामा नगरपालिकाले उक्त लेखापरीक्षको नियुक्ति रद्द गर्न सक्नेछ ।

## परिच्छेद– ५

## लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१०. लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्वन्धित विद्यालयले गुनासो सहित निवेदन पेश गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकाको शिक्षा शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी नेपाल चार्टर एकाउन्टेन्ट संस्थामा पठाउन सक्नेछ। उक्त लेखापरीक्षण प्रतिवेदन उपर नेपाल चार्टर एकाउन्टेन्ट संस्थाबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित विद्यालय र लेखापरीक्षकको हुनेछ।

## परिच्छेद– ६

## वेरुजु र सम्परीक्षण

११. लेखापरीक्षणबाट कायम भएका बेरुजुको लगत राख्ने र प्रमाण पेश गरी नियमित गरी/गराई वा अशुल उपर गर्नुपर्ने भए असुल उपर गरी/गराई फछ्यौंट गर्ने दायित्व सम्बन्धित विद्यालयका प्रधानाध्यापकको हुनेछ ।

१२. बेरुजु फर्छयौट गरी सम्परीक्षण गराउने दायित्व भएको प्रधानाध्यपक वा कर्मचारी सरुवा बढुवा वा अवकास भई विद्यालय छाड्नु परेमा निजले फछ्यौंट गर्न बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला प्रधानाध्यापक वा कर्मचारीलाई वुझाउनु पर्नेछ। जिम्मेवारी प्राप्त प्रधानाध्यापक वा

कर्मचारीले उपर्युक्त बमोजिम बुझिलिई बेरुजु फछ्यौंट गर्नु गराउनु पर्नेछ।

## परिच्छेद– ७

## विविध

१३. नगरपालिकाले खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

१४. नगरपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा नगरपालिकाले रोक्का गर्न सक्नेछ ।

**१५. संशोधन तथा बचाउः**

क) यसअघि नगरपालिकाबाट भएका विद्यालय लेखापरीक्षण सम्बन्धमा भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

ख) नगर कार्यपालिकाले आवश्यक ठानेमा यो कार्यविधि संशोधन गर्न सक्नेछ।

अनसूची-१

**लेखापरिक्षणका लागि आशायपत्र पेश गर्ने ढाँचा**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सैनामैना नगरपालिका, बुद्धनगर, रुपन्देही+

**विषयः- लेखापरिक्षणका लागि आशयपत्र पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति.................... गते प्रकाशित सूचना अनुसार आ.व ..... को लेखापरिक्षण गर्न मेरो फर्म ................. .......................... योग्य साथै इच्छुक भएकाले तपसिलका कागजातहरु सहित यो आशयपत्र पेश गर्दछु ।

दस्तखत.................
नामः ..................
रजिष्टर्ड लेखापरीक्षण द.नं...
मोवाइल न. ...........
ठेगाना

<u>संलग्न कागजातहरु</u>

१. पेशागत प्रमाणपत्र
२. लेखापरीक्षकको नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
३. कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

प्रमाणीकरण मितिः २०८१/०३/१०

आज्ञाले
**जीवन ज्ञवाली**
प्रमुख प्रशासकीय अधिकृत